जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९
# राजविराज दैनिक
स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३०    अंक १५    २०७७ साल साउन १९ गते सोमबार (3 Aug 2020 Mpnday)    मूल्य रु. ५/-

Log on : rajbirajdainik.com.np

**२०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरु**

- फरार अभियुक्तले सार्वजनिक संस्थाबाट पाउने सेवा सुविधा लिन नपाउने र निजको अधिकार कटौती हुने,
- आफ्नो नाममा जारी भएको म्याद नबुझ्ने वारिस वा कानून व्यवसायीलाई अदालतमा प्रतिनिधित्व गर्न नदिने,
- सरकारवादी मुद्दाका साक्षीलाई सरकारले दैनिक भ्रमण भत्ताको सुविधा र आवश्यकता अनुसार सुरक्षा प्रदान गर्ने,
- नबुझी नहुने साक्षी उपस्थित नभएमा जरिबाना तथा पक्राउ गर्न सकिने,
- पीडित वा साक्षीको परिचय गोप्य राख्न सकिने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

*यस अंक भित्र :* २ पृष्ठमा : देशभरमा एक वर्षमा... ३ पृष्ठमा : विद्यालय पुनःसञ्चालनको अधिकार ... ३ पृष्ठमा प़ञ्जाबमा मदिरा सेवनबाट ...

## सप्तरीमा एकैदिन २७ जना कोरोना पोजेटिभ

# तिलाठी कोइलाडीका एकै वाडका २५ जना संक्रमित

**दैनिक समाचारदाता**
**राजविराज, १८ साउन ।**

सप्तरीमा दिनानुदिन कोरोना पोजेटिभका संख्यामा वृद्धि हुँदै गएको छ ।

यसैबीच आईतवार एकै दिन २७ जनामा कोरोना संक्रमण भेटिएको छ । यो सँगै जिल्लामा संक्रमितको संख्या ५ सय २४ पुगेको छ ।

जिल्लाको तिलाठी कोईलाडि गाउँपालिकाका २५ तथा राजविराज नगरपालिकाका २ गरी २७ जनामा कोरोना संक्रमण पाइएको जिल्ला स्वास्थ्य कार्यालय सप्तरीले जनाएको छ ।

सो गाउँपालिकाको वडा नं. २ कै २५ जना संक्रमितहरु रहेको गजेन्द्र नारायण सिंह अस्पतालका प्रमुख रन्जित झाले जानकारी दिएका छन् । संक्रमित मध्ये अधिकांश क्वारेन्टाईनमा रहेकाहरु र कन्ट्याक ट्रेसिङ्गबाट पत्ता लागेको उनले बताए ।

यता राजविराजमा देखिएका संक्रमितहरु सोही अस्पतालका स्वास्थ्यकर्मी हुन् । अस्पतालका हालसम्म ५ जना कोरोना संक्रमित भएका छन् । जसमध्ये तीन जना पारामेडिक्स, एक जना नर्सिङ्ग स्टाफ र १ जना स्विपर रहेको उनले बताए ।

यसअघि जिल्लामा शनिवार २४ जनामा कोरोना संक्रमणको पुष्टि भएको छ । जसमध्ये राजविराज नगरपालिकाका १८, हनुमाननगर कंकालिनी नगरपालिकाका ४ तथा तिरहुत र अग्निसाईर कृष्णासवरण गाउँपालिकाका १/१ जना संक्रमित भएका छन् ।

## रक्षाबन्धनमा सार्वजनिक बिदा

**दैनिक समाचारदाता**
**राजविराज, १८ साउन ।**

रक्षाबन्धन पर्वको अवसरमा प्रदेश २ सरकारले सोमबार सार्वजनिक विदा दिने घोषणा गरेको छ ।

प्रदेश सरकारको मन्त्रीपरिषदको गत जेठ १० गते बसेको बैठकले रक्षाबन्धनमा सार्वजनिक विदा दिने निर्णय गरे अनुसार नै सो सार्वजनिक विदा दिने निर्णय घोषणा गरेको हो ।

यस्तै कोरोनाको महामारीलाई मध्यनजर गर्दै भीडभाड नगरी लामो दुरीको यात्रा नगरी रक्षाबन्धन मनाउन प्रदेश सरकारले आग्रह समेत गरेको छ ।

# स्थानियद्वारा हटिया “सिल”




**दैनिक समाचारदाता**
**राजविराज, १८ साउन ।**

दिनहुँ कोरोना भाइरसको त्रास बढेपछि आइतबार राजविराज वडा नं. ७ स्थित हटियालाई स्थानियहरुले सिल गरेका छन् ।

हटिया प्रवेश गर्ने विभिन्न नाकाहरुलाई स्थानियहरुले बासको ढाटमा “प्रवेश निषेध” को ब्यानर लेखेर सिल गरेका हुन् ।

यसअघि शनिवार राजविराज नगरपालिकाका क्षेत्रका १८ जनामा कोरोनाको संक्रमण भेटिएको छ । शनिबार राजविराज हटियाकै २ जनागरि हालसम्म करिव आधा दर्जन व्यक्तिलाई कोरोना संक्रमण देखिएपछि हटिया बन्द गरिएको स्थानीयले बताएका छन् ।

राजविराज वडा नं. ६ का एक व्यापारीको कोरानाका कारण मृत्यु भएलगत्तै समुदायमा संक्रमण फैलिएपछि नगरपालिका क्षेत्र भित्र साउन ८ देखी स्थानीय प्रशासनले निषेधाज्ञा जारी गरेको छ ।

# कोभिड-१९ का कारण विदेशमा १ सय ८९ नेपालीको मृत्यु

काठमाडौं, १८ साउन (रासस) ।

विश्वभर महामारीका रुपमा फैलिएको कोभिड- १९ को सङ्क्रमणबाट बितेका सात दिनमा विदेशमा २८ नेपालीको मृत्यु भएको छ । भारतमा २५, र साउदी अरेबियामा दुई र दक्षिण अफ्रिकामा एक जनाले ज्यान गुमाएका हुन् । यससँगै सङ्क्रमणका कारण विदेशमा १८९ नेपालीको मृत्यु भएको गैरआवासीय नेपाली सङ्घले जनाएको छ ।

विश्वका ३८ देशमा रहेका नेपाली कोरोना भाइरसको शिकार भएको र सबैभन्दा बढी भारतको महाराष्ट्रमा रहेका नेपाली रहेको बताउँदै सङ्घले लण्डनबाट आइतबार बिहान जारी गरेको प्रेस विज्ञप्तिमा लक्जम्बर्गमा पारिवारिक जमघटमा भेला भएका ३५ नेपाली एकैपटक सङ्क्रमित भएको उल्लेख गरिएको छ ।

यसैबीच सङ्घले हालसम्म कोभिड-१९का कारण विदेशमा अलपत्र ३७ हजार ४२४ जनालाई सम्बन्धित देशस्थित नेपाली दूतावास र कूटनीतिक नियोगलगायत अन्य स्थानीय निकायसँगको समन्वयमा स्वदेश फर्काइएको बताएको छ । अलपत्र परेकालाई नेपाल फर्काउन ५४ उडानको व्यवस्था मिलाइएको पनि सङ्घले जनाएको छ ।

**NOVEL CORONA VIRUS (nCOV)**
सर्वसाधारणका लागि जनचेतनामूलक संदेश

**नोवेल कोरोना भाइरसका मुख्य लक्षणहरू**

ज्वरो (१००.४°F भन्दा माथि)
श्वास प्रश्वासमा अत्याधिक समस्या
रुघा र खोकी

*“नोवेल कोरोना भाइरस प्रभावित देशहरूबाट आउने मानिसहरूमा दुई हप्ता भित्र रुघाखोकी लागेमा, ज्वरो आएमा, घाँटी/टाउको दुखेमा, श्वासप्रश्वासमा अत्याधिक समस्या भएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गर्ने ।”*

**नोवेल कोरोना भाइरसबाट कसरी आफू र अरूलाई बचाउने?**

नियमित रूपमा साबुन-पानीले हात धुने ।
खोक्दा र हाच्छ्युं गर्दा नाक र मुख छोप्ने ।
फ्लू जस्तो लक्षण (Flu-like symptoms) देखिएमा चिकित्सकसँग परामर्श लिने ।
फ्लू जस्तो लक्षण देखाउने जो कोहीको सम्पर्कबाट टाढा रहने ।
जंगली तथा घरपालुवा पशुपन्छी सँगको असुरक्षित सम्पर्कबाट टाढा रहने ।
पशुजन्य मासु तथा अन्डा राम्रोसंग पकाएर मात्र खाने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनुका साथै स्वदेश भित्र जुनसुकै ठाउँमा रकम पठाउनका लागि सम्झनुहोस् ।

हाम्रो सेवाहरु →

**जनज्योति कृषि सहकारी संस्था लि.**
राजविराज ९, मलेठ, सप्तरी
मोबाइल नं. ९८०१५४९६०१, ६०२, ६०३, ६०४

ipay remit | WESTERN UNION MONEY TRANSFER | Prabhu Money Transfer | IME International Money Express | himal remit हिमालरेमिट | CG Money | Best Remit Quick & Easy | City Express Money Transfer | IME pay wallet | MoneyGram money transfer

## सम्पादकीय ....

### महामारीप्रति गम्भिर बन्

दिनानुदिन सप्तरीमा कोरोनाका संक्रमितहरु बृद्धि हुँदै गएपछि यहाँका बासिन्दाहरुमा त्रास उत्पन्न भएको छ। उनीहरु अहिले यस महामारीप्रति निकै चिन्तित हुँदै सतर्कता समेत अपनाउन थालेका छन्। अतिआवश्यक कामबाहेक बाहिर निस्कने मुश्किलै कोही देखिन्छन्। माहामारी पुनः फैलिन थालेपछि जनताहरु सहज र सतर्क हुनुका साथै आफै घरमै बस्ने गरेका छन्।

यता सरकारले लकडाउन खोलेकै दिनदेखी सप्तरी सदरमुकाम राजविराजमा पुनः लकडाउन सुरु भएको छ। एक स्थानिय व्यापारीको कोरोनाका कारण मृत्यु भएपछि उनको सम्पर्कमा आएकाहरु पनि संक्रमित हुनथालेपछि सो लकडाउन गरिएको हो। संक्रमण समुदायस्तरमै फैलिन थालेपछि नगरवासी झनै त्रसित बनेका छन्। उनीहरु घर बाहिर निस्कन समेत डराउछन्। जसले गर्दा नगरमा त्रास फैलिएको छ।

स्थानिय निकाय महामारीप्रति गम्भिर नभएपछि यस्तो स्थिति सृजना भएको आरोप लागिरहँदा स्थानियहरु आफु बसोवास गरिरहेको स्थानलाई निषेधित क्षेत्र घोषणा गर्न थालेका छन्। नयाँ व्यक्तिलाई प्रवेशमा रोक लगाउँदै उनीहरु आफै सुरक्षित हुने उपाय समेत खोज्दै छन्। तसर्थ महामारीको यस समयमा सबै जना आफै सतकर्ता अपनाउनु पर्ने बेला रहेको छ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. दिनेश उप्रेती
Dr. Dinesh Upreti
MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141
कन्सलटेन्ट फिजिसियन
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह
Dr. Parasmani Shah
MBBS (BPKIHS), MD (BPKIHS, Dharan)
NMC Reg. No. : 13297
दुखाई विशेषज्ञ
Anaesthesiology & Critical Care Medicine
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# देशभरमा एक वर्षमा २ सय १० पुल सम्पन्न

काठमाडौं, १८ साउन (रासस)। गत आर्थिक वर्षमा देशभरमा २१० पुल सम्पन्न भएका छन्। सरकारले देशभरमा ३०० पुल निर्माणको लक्ष्य राखेकामा लक्ष्यको ७० प्रतिशत पुल सम्पन्न भएको हो। गत आर्थिक वर्षको कामको गतिका आधारमा ३०० भन्दा बढी पुल सम्पन्न हुने अवस्था रहेको सडक विभागको दावी छ।

विभागले पहिलो चौमासिकमा पाँच पुल सम्पन्न गर्ने लक्ष्य लिएकामा ४५ सम्पन्न गरेको थियो। कोभिड-१९ का कारण पछिल्लो चौमासिकमा काम अपेक्षानुसार हुन नसकेपछि लक्ष्यभन्दा केही कम निर्माण सम्पन्न भएको विभागको पुल महाशाखा प्रमुख (उपमहानिर्देशक) दीपक भट्टराईले बताउनुभयो।

उहाँका अनुसार कोभिड-१९ र त्यसपछि सरकारले लागू गरेको बन्दाबन्दीका कारण विभिन्न स्थानमा निर्माण सामग्री र जनशक्ति, पुर्‍याउन गाह्रो भएको थियो। बन्दाबन्दीको केही सातापछिदेखि नै सरकारले विकास निर्माणलाई निरन्तरता दिने निर्णय गरे पनि विभिन्न अवरोध रहेको उहाँले बताउनुभयो। उहाँले भन्नुभयो, "बन्दाबन्दीको समयमा निर्माण भए पनि सामान्य अवस्थामा जसरी हुन सकेको थिएन।"

पुल निर्माणमा दक्ष जनशक्ति कम भएकाले तीनै जनशक्तिले पालैपालो एउटामा काम गरेर अर्को योजनामा काम गर्ने गरेका उहाँले बताउनुभयो। सामान्य अवस्थामा जसरी एक ठाउँबाट अर्को ठाउँमा जान सहज नभएकाले निर्माणमा कठिनाइ भएको थियो। त्यस्तै कतिपय जनशक्ति भारतबाट आउनुपर्ने भए पनि कोभिडकै कारण आउन नसकेको उहाँले बताउनुभयो।

संविधानानुसार पुल निर्माणको जिम्मेवारी तीनै तहको सरकारको भए पनि अहिलेसम्म सङ्घीय सरकारले नै सबै किसिमका सडकमा पुल निर्माणको काम गरिरहेको छ। रणनीतिक सडक निर्माणको जिम्मेवारी पाएको सरकारले रणनीतिक सडकमा पुल निर्माण गर्नुपर्ने हो। प्रदेश सरकार र स्थानीय सरकारको क्षमता पर्याप्त नभएकाले अहिलेसम्म नेपाल सरकारले नै पुल निर्माण गरिरहेको उहाँले बताउनुभयो।

गत आवमा निर्माण भएका पुलमध्ये ११० पुल स्थानीय सडकमा र १०० पुल रणनीतिक सडकमा निर्माण भएको थियो। राष्ट्रिय गौरवका सडक आयोजनामा ४० पुल निर्माण भए। सबैभन्दा बढी मदन भण्डारी लोकमार्गमा १७, मध्यपहाडी (पुष्पलाल) लोकमार्गमा १५ र हुलाकी राजमार्गमा आठ पुल सम्पन्न भएका छन्। त्यस्तै वैश्व बैंकको आर्थिक सहयोगमा ११ र एशियाली विकास बैंकको आर्थिक सहयोगमा दुई पुल निर्माण सम्पन्न भएका थिए।

अरु दुई सरकारले पुल निर्माण नगर्दा अहिले पनि सडक विभागमा पुलको चाप छ। अहिले पनि झण्डै एक हजार पुल निर्माणाधीन छन्। निर्माणाधीन भनिएका सडक पुल फरकफरक अवस्थामा रहेको प्रमुख भट्टराईले बताउनुभयो। कतिपय पुल अध्ययनका क्रममा छन् कतिपय ठेक्कामा जाने क्रममा र कतिपय ठेक्कामा गइसकेर निर्माण भइरहेका छन्। निर्माण व्यवसायी आफैँले डिजाइन गरेको 'डिजाइन एण्ड विल्ड'मा समेत कतिपय पुल निर्माणका क्रममा रहेका छन्।

आगामी दिनमा स्थानीय सडक पुल निर्माणको जिम्मेवारी क्रमशः प्रदेश र स्थानीय सरकारलाई हस्तान्तरण गर्दै गइने उहाँले बताउनुभयो। देशभरका सबै पुल एउटै निकायबाट गर्दा कामको बोझ बढी भएकाले भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले जिम्मेवारी अरु सरकारलाई पनि दिइनुपर्ने बताउँदै आएको छ। विगतमा सङ्घीय मामिला मनत्रालयअन्तर्गतको स्थानीय पूर्वाधार विभागले पुल निर्माण गरे पनि अहिले गरेको छैन।

भौतिक पूर्वाधार मन्त्री बसन्तकुमार नेम्वाङले गत साता प्रतिनिधिसभा, विकास तथा प्रविधि समितिको बैठकमा भएको सरकारको क्षमता दुईदेखि तीन सयसम्म पुल निर्माण गर्ने भएको बताउनुभएको थियो। उहाँका अनुसार, निर्माण व्यवसायीको क्षमतानुसार पनि त्यो सङ्ख्याभन्दा बढी निर्माण गर्न सकिँदैन।

सडक विभागमा अहिले रहेको दरबन्दी पर्याप्त नभएकाले पनि सडक निर्माण धेरै लम्बाइ र पुल निर्माण धेरै सङ्ख्यामा गर्न गाह्रो हुने विभागले बताउँदै आएको छ। मन्त्रालयले विभागको दरबन्दी बढाउने गरी 'ओएनएम' सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयमा पठाए पनि त्यो अहिलेसम्म स्वीकृत भइसकेको छैन। विभागले कामको बोझका आधारमा जनशक्ति कम भएको बताउँदै आएको छ। देशभर रणनीतिक सडकको लम्बाइ गत फागुनसम्ममा ३४ हजार ३४७ किमी पुगेको अर्थ मन्त्रालयले गरेको आर्थिक सर्वेक्षणमा उल्लेख छ।

गत आवमा २४३ पुल निर्माण सम्पन्न भएको थियो। आव २०७५/७६ को अन्त्यसम्ममा एक हजार ४६७ पुल निर्माणाधीन थिए। गत आवमा पुल निर्माणको २९२ पुल योजना थपिएका थिए। पुल निर्माण एक आवमा सम्पन्न गर्न नसकिने हुँदा सामान्यतया तीन/चार वर्षमा सम्पन्न गर्नेगरी सम्झौता हुने गरेको छ। विभिन्न कारणले गर्दा कतिपय एक दशक पहिले ठेक्का सम्झौता भएका पुल अझै सम्पन्न भइसकेका छैनन्।

# अदालतप्रतिको जनआस्था कमजोर नपार्न बारको अपिल

काठमाडौं, १८ साउन (रासस)। नेपाल बार एसोसिएसनले अदालतप्रतिको जनआस्था कमजोर पार्ने किसिमका गतिविधिमा नलाग्न अपिल गरेको छ। बारका महासचिव अधिवक्ता लीलामणि पौडेलले आइतबार जारी गर्नुभएको प्रेस विज्ञप्तिमा भनिएको छ, "अदालत सधैँ जनआस्थामा टिकेको हुन्छ, नागरिकको अदालतप्रतिको आस्था टुट्न गएमा मौलिक हकको प्रचलन दुरुह हुने त छँदैछ, साथै लोकतान्त्रिक शासन व्यवस्थाप्रति नै अनास्था फैलिने र अन्ततः कानूनविहीनता र मत्स्य न्यायको स्थिति सिर्जना हुन जान्छ।"

न्यायपालिकाले स्वतन्त्रता, सक्षमता, निष्पक्षता तथा न्यायिक सद्विवेकका आधारमा कानूनबमोजिम न्याय सम्पादन गर्नुपर्नेमा कुनै विवाद हुन नसक्ने उल्लेख गर्दै विज्ञप्तिमा कहिलेकाहीँ कुनै अदालतबाट भएका आदेश, फैसलालाई लिएर विभिन्न सञ्चारमाध्यमहरूबाट प्रकाशित हुने गरेको पाइएबाट उल्लेख भएअनुसार काम कारवाही नभई राखेको भन्ने बारलाई पनि महसुस भएको उल्लेख छ।

"अदालतको सहयोगी, अदालतको स्वतन्त्रता, सक्षमता, निष्पक्षताको पक्षमा विकृति, विसङगतिविरुद्ध सधैँ आवाज उठाइरहने संस्था बार मूकदर्शक भएर रहन सक्दैन", विज्ञप्तिमा भनिएको छ, "बारको साउन १६ गते बसेको बैठकले देशभरका अदालतबाट विकृति, विसगङ्तिजन्य आदेश तथा फैसला कुनै भएको भन्ने पाइएमा सो विषयमा अध्ययन गरी सम्बन्धित निकायमा आवश्यक कार्यार्थ लेखी पठाउने निर्णय भएको छ।"

कानूनबमोजिम न्यायपूर्ण फैसला हुनुपर्दछ भन्नेमा नेपाल बार एसोसिएसन सधैँ दृढ रही समय-समयमा सर्वोच्च अदालत र न्याय परिषद्समक्ष ध्यानाकर्षण गराउँदै आएको र त्रुटिको गम्भीरता हेरी नेपाल बार एसोसिएसन स्वयं पनि आन्दोलनमा सरिक भएको विगत पनि बारले स्मरण गराएको छ।

# ट्राफिक प्रहरीमा कोरोना सङ्क्रमण देखिएपछि महाशाखा सिल

काठमाडौं, १८ साउन (रासस)। महानगरीय ट्राफिक प्रहरी महाशाखाका दुई प्रहरी कर्मचारीमा कोरोना सङ्क्रमण देखिएपछि ट्राफिक महाशाखा सिल गरिएको छ।

गत शुक्रबार नेपाल प्रहरी अस्पताल महाराजगञ्जमा गरिएको स्वाब सङ्कलनमा दुई ट्राफिक प्रहरीमा कोरोना सङ्क्रमण देखिएपछि महाशाखा सिल गरिएको हो। महाशाखा प्रमुख, प्रहरी वरिष्ठ उपरीक्षक भीमप्रसाद ढकालले ट्राफिक प्रहरीमा कोरोना सङ्क्रमण पुष्टि भएपछि महाशाखामा आवतजावतमा रोक लगाइएको जानकारी दिनुभयो।

उहाँले कोरोना पुष्टि भएका प्रहरीको सम्पर्कमा आएकालाई बाहिर आवतजावतमा समेत बन्द गरिएको जानकारी दिनुभयो। यस्तै महाशाखाभित्र बस्ने ३७५ ट्राफिक प्रहरी कर्मचारीलाई क्वारेन्टिनमा राखिएको छ।

महाशाखामा हाल एक हजार ५०० भन्दा बढी ट्राफिक प्रहरी कार्यरत रहे पनि ३७५ जना क्वारेन्टिनमा रहेकाले बाँकीलाई सवारी चापको अवस्था हेरेर काममा खटाइएको महाशाखा प्रमुख ढकालले बताउनुभयो। क्वारेन्टिनमा बसेका प्रहरीको चाँडो स्वाब सङ्कलन गर्ने तयारी भइरहेको महाशाखाले जनाएको छ। स्वाब सङ्कलनको रिपोर्ट नआएसम्म महाशाखाभित्रबाट सेवाग्राहीका लागि गरिने दैनिक कामकाज रोकिने छन्।

## जनकपुरमा पनि निषेधाज्ञा

जनकपुरधाम, १८ साउन (रासस)। जनकपुरधाम उपमहानगरपालिकाभित्र सोमबार राति १२ बजेदेखि एक सातासम्मका लागि निषेधाज्ञा जारी गरिएको छ।

प्रमुख जिल्ला अधिकारी प्रेमप्रसाद भट्टराईका अनुसार उपमहानगरपालिकामा कोरोना सङ्क्रमणको जोखिमलाई दृष्टिगत गरी निषेधाज्ञा जारी गरिएको हो। सुरक्षा समितिले राजपत्रमा तोकिएको अत्यावश्यक सेवाहरू बाहेकका अन्य सेवा र स्थलमा सोमबार रातिदेखि एक सातासम्मका लागि निषेधाज्ञा जारी गरेको छ।

# विद्यालय पुन:सञ्चालनको अधिकार स्थानीय तह र व्यवस्थापन समितिलाई दिन सुझाव

काठमाडौँ, १८ साउन (रासस)।

कोरोना महामारीका कारण बन्द रहेका विद्यालय पुनः सञ्चालनका लागि सम्बन्धित स्थानीय तह र विद्यालयलाई अधिकार दिने गरी सङ्घीय सरकारले कार्यविधि ल्याउनुपर्ने विज्ञ र सरोकार भएका पक्षले सुझाव दिएका छन्। शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले विद्यालय पुनःसञ्चालनका लागि चाँडै कार्यविधि ल्याउने तयारी गरेका बेला सामुदायिक विद्यालय व्यवस्थापन समिति महासङ्घ नेपाल र शिक्षा पत्रकार समाजले आइतबार आयोजना गरेको भर्चुअल संवादमा सबै पक्षसँग छलफल नभएको स्थितिमा हतारमा कार्यविधि जारी नगर्न सुझाव दिइएको हो।

स्वास्थ्य सुरक्षा जोखिम कायमै रहेकाले विद्यालय तत्काल खोल्दा सङ्क्रमणको खतरा हुने भएकाले सुरक्षाको सुनिश्चिततापछि मात्रै विद्यालय खोल्न वा कम जोखिम भएका ठाउँमा मात्रै विद्यालय सञ्चालनका लागि उनीहरुको सुझाव छ। सरकारले आगामी भदौ १ देखि चालू शैक्षिक सत्रका लागि भर्नाका कार्यक्रम सञ्चालन गर्न यसअघि निर्णय गरिसकेको छ भने विद्यालय सञ्चालनका लागि शिक्षक र विद्यार्थीलाई तयारीमा रहन आग्रह गरिरहेको छ। हाल सूचना प्रविधिको सहयोगमा वैकल्पिक प्रणाली माध्यमबाट सिकाइ निरन्तरता भइरहेको छ।

शिक्षाविद् डा विद्यानाथ कोइरालाले विद्यालयमा सुरक्षाको जोखिम भएका र नभएका ठाउँको पहिचान गरी जोखिम भएका ठाउँमा शिक्षकको कोरोना परीक्षण गरी विद्यालय खुलाउन सकिने बताउनुभयो। उहाँले केन्द्र सरकारले आदेश दिने र स्थानीय तहले मान्ने प्रवृत्ति सङ्घीयतानुकूल नभएकाले विद्यालय खोल्ने काम स्थानीय सरकार, विद्यालय व्यवस्थापन समिति र प्रधानाध्यापको हो भन्नुभयो। उहाँले जोखिम कायमै रहेमा निरन्तर वैकल्पिक प्रणाली, स्वयंसेवक परिचालन, टोलटोलमा शिक्षक परिचालन आदि तरिकाबाट नै सिकाइ निरन्तरता दिन सकिने बताउनुभयो।

राष्ट्रिय निजी तथा आवासीय विद्यालय एशोसिएन (एन प्याब्सन) का अध्यक्ष ऋतुराज सापकोटाले विद्यालय यस शैक्षिक सत्रमा विद्यालय सञ्चालन नै नभएकाले पुनः सञ्चालन भन्ने शब्दावलीको साटो कार्यविधिमा सञ्चालनका शब्दावली हुनुपर्ने र खुलाउने अधिकार स्थानीय तहमा हुनुपर्ने बताउनुभयो।

महासङ्घका अध्यक्ष कृष्ण थापाले विद्यालय पुनःसञ्चालनका लागि स्थानीय सरकार र व्यवस्थापन समितिको सक्रिय भूमिका हुनुपर्ने आग्रह गर्दै विद्यालय पुनः सञ्चालनसम्बन्धी कार्यढाँचा २०७७ सालको मस्यौदामा सामुदायिक विद्यालयको प्रतिनिधिमूलक छाता सङ्गठनको अगुवाइमा विद्यालय व्यवस्थापन समिति सक्रियता बढाई विद्यार्थी, शिक्षक र कर्मचारीको स्वास्थ्य सुरक्षाको विधि अपनाउने गरी प्रबन्धन नगरिएकामा महासङ्घले ध्यानाकर्षण गराएको बताउनुभयो।

महासङ्घका महासचिव गुणराज मोक्तानले विद्यालय खोल्नुपूर्व अभिभावकको परामर्शमा हाल विद्यालयमा स्थापना गरिएका क्वारेन्टिन र आइसोलेशन कक्ष निर्मलीकरण गर्ने, विद्यार्थी र शिक्षकको सुरक्षाको वैकल्पिक योजना र बजेटको व्यवस्था गर्ने, मनो-सामाजिक सत्र सञ्चालन गर्ने, विद्यालयमा स्यानिटाइजर र मास्कको व्यवस्था गर्दै प्राथमिक उपचार कक्ष स्थापनासमेत गराउन सरकारलाई लिखित निवेदन दिइसकिएको जानकारी दिनुभयो।

# अब चार हजारमै कोरोना परीक्षण

काठमाडौँ, १८ साउन (रासस)।

शुल्क लिएर कोभिड-१९ आरटी-पिसिआर परीक्षण गर्ने अनुमति पाएको एक निजी प्रयोगशालाले कोरोना परीक्षणको शुल्क घटाएको छ। सरकारले तोकेको शुल्कभन्दा एक हजार कममा कोरोना परीक्षण गर्दै आएको सो प्रयोगशालाले अनुमति पाएको एक साता नबित्दै परीक्षण शुल्क प्रतिस्वाब रु ५०० ले घटाएको हो।

विध म्यानेजमेन्ट प्रालिद्वारा सञ्चालित कोभिड ल्याबले कोरोना परीक्षण शुल्क रु चार हजार ५०० बाट घटाएर रु चार हजार कायम गरिएको जनाएको छ। प्रारम्भिक परीक्षणको नतिजाअनुसार रु चार हजारमै कोरोना परीक्षण गरी खर्च व्यवस्थापन गर्न सकिने देखिएपछि शुल्क घटाइएको प्रयोगशालाका प्रमुख विके भण्डारीले जानकारी दिनुभयो। सोमबारदेखि घटाइएको शुल्कमा कोरोना परीक्षण गरिने उहाँले बताउनुभयो।

सरकारले केही सरकारी तथा निजी प्रयोगशालालाई रु पाँच हजार ५०० शुल्क लिएर कोरोना परीक्षणको अनुमति दिएको छ। "विपद्को समयमा सकिन्छ भने सस्तो मूल्यमा नै परीक्षण गरौँ भन्ने सोचका साथ काम गरेका हौँ", प्रयोगशाला प्रमुख भण्डारीले भन्नुभयो। कोभिड-१९ को परीक्षणका लागि जनतालाई छिटोछरितो एवं सर्वसुलभ सेवा उपलब्ध गराउने सरकारको प्रयासमा आफ्नातर्फबाट यथासम्भव सहकार्य गर्ने र सहयोग पुऱ्याउने उद्देश्य रहेको विध म्यानेजमेन्टद्वारा आइतबार जारी प्रेस विज्ञप्तिमा जनाइएको छ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला, टेकुले गत मङ्गलबार सो प्रयोगशालालाई शुल्क लिएर कोरोना परीक्षण गर्न अनुमति दिएको थियो। प्रयोगशालाबाट दैनिक चार हजार २०० बढी नमूना परीक्षण गर्न सकिने प्रमुख भण्डारीले जानकारी दिनुभयो। सरकारबाट अनुमति पाएसँगै उक्त प्रयोगशालाले बिहीबारदेखि औपचारिकरुपमा आरटी-पिसिआर परीक्षण शुरु गरेको थियो।

ललितपुरको कुपण्डोलमा रहेको सो प्रयोगशालामा पाँच थान पिसिआर मेसिन र पाँच थान अटोमेटिक आरएनए एक्टचाक्सन मेसिन जडान गरिएको छ। प्रयोगशालाले यसअघि पाँच घण्टामा दिइँदै आएको 'रिपोर्ट' अब चार घण्टामा दिने तयारी गरेको पनि उहाँले बताउनुभयो। प्रयोगशालाले सरकारले दिएको नमूना तथा स्वेच्छाले परीक्षण गर्न आउने व्यक्तिको कोरोना परीक्षण गर्दै आएको छ।

देशव्यापीरुपमा कोरोनाको सङ्क्रमण बढ्न थालेपछि सरकारले परीक्षणको दायरा र सङ्ख्यालाई दिन प्रतिदिन बढाउँदै लगेको छ। बन्दाबन्दी अन्त्य भएपछि मुलुकभर कोरोना सङ्क्रमणको जोखिम झन बढेको छ। यसले गर्दा कोरोना परीक्षणको दायरा फराकिलो बनाउनुपर्ने आवश्यकता बढेर गएको जनस्वास्थ्य विज्ञले बताउँदै आएका छन्।


## कोरोना भाइरस उपचार कोषमा रकम जम्मा गर्न आह्वान गरिएको सूचना

**विश्वब्यापी महामारीको रूपमा फैलिएको कोरोना भाइरस (कोभिड १९) रोगको संक्रमणलाई फैलिन नदिन तथा सोको रोकथाम एवं नियन्त्रणका लागि देहायको बैंकमा "कोरोना भाइरस संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोष" खाता खोलिएको हुँदा इच्छुक ब्यक्ति तथा संघ-संस्थाहरूले सो खातामा रकम जम्मा गरी सहयोग गरिदिन हुन आह्वान गरिएको ब्यहोरा सम्बन्धित सबैको जानकारीका लागि अनुरोध छ।**

**बैंकको नाम : राष्ट्रिय बाणिज्य बैंक**
**शाखा : सिंहदरबार परिसर**
**खाताको नाम : कोरोना भाइरस संक्रमणको रोकथाम, नियन्त्रण तथा उपचार कोष**
**खाना नं.: १९६०००००११०१**

**नेपाल सरकार**
**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**
**सूचना तथा प्रसारण विभाग**


## विश्व समाचार

### पञ्जाबमा मदिरा सेवनबाट ८० जनाभन्दा बढीको मृत्यु

नयाँदिल्ली, १८ साउन (रासस/एएफपी)।

भारतको पञ्जाब राज्यमा पछिल्लो समय विषाक्त मदिरा सेवन गर्ने ८० जनाभन्दा बढी व्यक्तिको मृत्यु भएको प्रहरीले जनाएको छ।

मृत्यु हुनेमा पञ्जाब प्रान्तका उत्तरी क्षेत्रका तीन जिल्लाका व्यक्ति रहेका छन्। प्रहरीले अबैध मदिरा बेचबिखन गरेको आरोपमा २५ जनालाई पक्राउ गरेको छ।

भारतका विभिन्न राज्यमा हरेक वर्ष विषाक्त मदिरा सेवनबाट सयौं व्यक्तिको ज्यान जाने गरेको छ। अबैध यस्तो मदिरा स्थानीय बजारमा प्रतिलिटर भारु १० मै पाइने गरेको छ।

प्रहरीका अनुसार पञ्जाबको गुरदासपुर जिल्लामा ११ जनाको मृत्यु भएको छ भने अमृतसर जिल्लामा १२ तथा तार्न तारान जिल्लामा ६३ जनाको ज्यान गएको छ।

यसबाहेक केही अरु व्यक्तिको पनि विषाक्त मदिरा सेवनबाट मृत्यु भएको प्रहरीले आशंका गरेको छ। केही व्यक्तिले पोष्टमार्टम नगरी दाहसंस्कार गराएकाले पनि मृतकको संख्या बढी हुन सक्ने प्रहरीको अनुमान छ।

पञ्जाब प्रान्तका मुख्यमन्त्री अमरिन्दर सिंहले पछिल्ला केही दिनयता भइरहेको मृत्युका बारेमा अनुसन्धान गर्न आदेश दिइएको बताउनु भएको छ। उहाँले अबैध तथा विषाक्त मदिरा बिक्रीमा दोषी व्यक्ति भेटिए कडा कारबाही गरिने बताउनु भएको छ।

### कुवेतद्वारा नेपालसहित ३० भन्दा बढी मुलुकका यात्रुलाई प्रवेशमा प्रतिबन्ध

कुवेत सिटी, १८ साउन (रासस/एएनआई)।

खाडी मुलुक कुवेतले भारत र चीनसमेत ३० भन्दा बढी मुलुकका यात्रुलाई कुवेत प्रवेशमा रोक लगाएको छ। कुवेती नागरिक उड्डयन प्राधिकरणका महानिर्देशकले सबै विमानसेवा कम्पनीलाई एक पत्र लेख्दै सरकारको उक्त आदेश पालना गर्न आग्रह गरेका छन्।

कुवेत सरकारले सार्वजनिक गरेको पछिल्लो सूचीमा समावेश मुलुकमा नेपालसहित भारत, इरान, चीन, ब्राजिल, कोलम्बिया, आर्मेनिया, बंगलादेश, फिलिपिन्स, सिरिया, स्पेन, सिंगापुर, बोस्निया हर्जगोभिना, श्रीलंका, इराक, मेक्सिको, इन्डोनेसिया, चिली, पाकिस्तान, इजिप्ट, लेबनान, हङकङ, इटाली, मोल्डोभा, पनामा, बेरुत समेतका छन्।

कुवेतले व्यावसायिक उडान आंशिक खुला गरिएकै दिन कुवेत सरकारले नयाँ प्रतिबन्ध घोषणा गरेको खालिज टाइम्सले जनाएको छ। समाचारअनुसार कुवेत अन्तरराष्ट्रिय विमानस्थल शनिबारदेखि करिब ३० प्रतिशत खुला हुनेछ। अमेरिकी जोन्स हप्किन्स विश्वविद्यालयका अनुसार कुवेतमा हालसम्म ६७ हजार ४४८ जनामा कोरोना सङ्क्रमण देखिएको र ४५३ जनाको मृत्यु भएको थियो।

### विश्वभरी मृत्यु भएकाको संख्या ६ लाख ८९ हजार

बेइजिङ, १८ साउन (रासस/सिन्ह्वा)।

विश्वभरी महामारीका रुपमा फैलिएको कोरोनाभाइरसका कारण आइतबार दिउँसोसम्म कुल मृतकको संख्या छ लाख ८९ हजारभन्दा बढी पुगेको छ।

अधिकारीले आइतबार दिएको जानकारीअनुसार कोरानाका कारण कुल मृतकको संख्या छ लाख ८९ हजार ७० पुगेको हो।

त्यसैगरी कुल सङ्क्रमितको संख्या पनि एक करोड ८० लाख ३३ हजार २७९ पुगेको पछिल्लो तथ्यांकमा उल्लेख गरिएको छ।

सबैभन्दा धेरै सङ्क्रमित र मानवीय क्षति अमेरिकामा भएको छ भने दोस्रो धेरै प्रभावित ब्राजिलमा देखिएको छ।

पछिल्लो विवरणअनुसार अमेरिकामा कुल सङ्क्रमितको संख्या ४७ लाख ६४ हजार ५२२ पुगेको छ। त्यसैगरी यहाँ कुल मृतकको संख्या एक लाख ५७ हजार ९०१ पुगेको पनि अधिकारीले जनाएका छन्। दोस्रो धेरै प्रभावित भएको ब्राजिलमा २७ लाख आठ हजार ८७६ जना सङ्क्रमित भएका छन् भने ९३ हजार ६१६ जनाको मृत्यु भएको छ।

### भारतीय उत्तर प्रदेशमा मन्त्रीको मृत्यु

नयाँदिल्ली, १८ साउन (रासस/एएफपी)।

भारतमा प्रदेशमन्त्री कमल रानी वरुणको कोरोनाभाइरसको संक्रमणबाट निधन भएको छ। उत्तर प्रदेशकी मन्त्री रानीको निधन भएको प्रदेश सरकारका प्रवक्ताले पुष्टि गरेका छन्।

उहाँसँगै भारतमा पछिल्लो २४ घण्टामा कोरोनाका कारण ८५३ जनाको मृत्यु भएको छ। कुल मृतकको संख्या भने ३७ हजार ३६४ पुगेको अधिकारीले जनाएका छन्। भारतमा पछिल्लो २४ घण्टामा ५४ हजार ७३६ जना सङ्क्रमित भएका छन्। योसँगै कुल सङ्क्रमितको संख्या साढे १७ लाखभन्दा बढी पुगेको छ।

# स्वास्थ्यकर्मी, सुरक्षा निकाय तथा प्रशासनलाई स्वास्थ्य सामाग्रि तथा उपकरण प्रदान



**दैनिक समाचारदाता**
**राजविराज, १८ साउन ।**
सप्तरी उद्योग बाणिज्य संघ तथा एभरेष्ट बैंक शाखा राजविराजले संयुक्त रुपमा आइतबार राजविराजमा स्वास्थ्य तथा अन्य सामाग्रि प्रदान गरेको छ । जिल्ला प्रहरी कार्यालय, जिल्ला प्रशासन कार्यालय तथा गजेन्द्र नारायण सिंह अस्पतलालाई स्वास्थ्य सामाग्रि तथा अन्य आवश्यक उपकरण प्रदान गरिएको हो ।

उद्योग बाणिजय संघका अध्यक्ष अरुण प्रधान तथा एभरेष्ट बैंक शाखा राजविराजका प्रमुख शिशिर बोहराले तीन वटै निकायलाई फंगिङ्ग मेशिन एक/एक थान, अटोमेटिक सेनिटाइजर मेशिन एक/एक थान तथा एक/एक हजार माक्स बितरण गरेका थिए ।

कोरोना संक्रमणको जोखीम बढ्दै गएको बेला अंग्रपंक्तिमा काम गर्ने स्वास्थ्यकर्मी तथा सुरक्षाकर्मीलाई सुरक्षित भई काम गर्न सहयोग पुग्ने उद्देश्यले उक्त सामाग्रिहरु प्रदान गरिएको उद्योग बाणिज्य संघ सप्तरीका अध्यक्ष प्रधानले जानकारी दिए ।

सहयोग सामाग्रि बुझ्दै सहायक प्रमुख जिल्ला अधिकारी जयकुमार घिमिरे, गजेन्द्र नारायण सिंह अस्पतालका प्रमुख डा. रन्जित झा तथा प्रहरी उपरिक्षक कृष्ण प्रसाईले सहयोगि संस्थाहरुप्रति धन्यवाद व्यक्त गर्दै कोरोनालाई परास्त गर्न सबै मिलेर काम गर्नुपर्नेमा जोड दिएका थिए ।

# सूचना

**हाल कोरोना भाइरस महामारीको कारण बन्दाबन्दीको समयमा सञ्चारक्षेत्रमा संलग्न बाहेकका ब्यक्तिहरूले सञ्चार क्षेत्रको हवाला दिंदै सञ्चारमाध्यम तथा सामाजिक सञ्जालमा अफवाहपूर्ण विषय सम्प्रेषण गर्ने, अनधिकृत रूपमा परिचय-पत्र, पोशाक सवारी साधनको प्रयोग गर्ने र सामाजिक मर्यादा विपरितका क्रियाकलाप गरेको गुनासो आएको हुँदा कोहि कसैले पनि गैर कानूनी क्रियाकलाप नगर्नु हुन अनुरोध छ। यदि यस्तो भएको पाईएमा कानूनबमोजिम कारबाही हुने ब्यहोरा सूचित गरिन्छ।**

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

# सूचना

**नोभल कोरोना भाईरस (कोभिड-१९) रोगको संक्रमणबाट बच्न अत्यावश्यक कामबाहेक सीमावर्ती क्षेत्रमा आवतजावत नगर्नु हुन सम्पूर्ण नेपाली नागरिकहरुलाई सूचित गरिन्छ।**

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

## हमरा सभकऽ जिम्मेवारी : कोरोना भाइरस संक्रमण रोकेय लेल अपनाबु होशीयारी

- कोराना भाइरस रोग स्वाँस प्रश्वाँस माध्यमसँ फैलऽवाला संक्रमण अछि।
- संक्रमित भेल ब्यक्तिसँ खोकला आऽ छिँकलासँ निकलैवाला थुक आऽ पोटाकऽ माध्यमसँ यी भाइरस एक ब्यक्ती सँ दोसर ब्यक्तिमे फैलइ अछि।

**यी रोगसँ बचबाक लेल की करैय परतई ?**

- खोकैत आऽ छिँकैत काल नाक, मुख झापु आऽ प्रयोग क्यालगेल टिसूपेपरकऽ तुरन्त कुडा फेकेवाला कुडादानीमे फेकू।
- समय-समयमे साबुन पाइनसँ निकसँ मैलमैलकऽ २० सेकेण्डधरि हात धोबु। आऽ सनिटाइजर हातमे लगाबु। ककरोसँ भेटैछी त हात नहिं मिलाबु। खाली नमस्कार आऽ प्रणाम केल करू।
- खोकी लागल आदमीसँ दुरी बनाकऽ रहु। आऽ अगर अपनहूके खोकी लागल अछि त दोसर आदमीसँ दुर रहु। भीडभाडमे नहिं जाउ आऽ दोसरो लोग सभके भीडभाडमे नहिं जाउ से कहिके बुझाबु।
- आवश्यकता पडलापर मास्कके उचीत प्रयोग करू ।

**आरो ध्यान देववाला बात :**

- बुखार लगलापड, खोकी भेलापड आऽ साँस लेलापर दिकत भेलापर जल्दिसँ लगके स्वास्थ्य संस्थामे सम्पर्क करू।
- कोरोना भाइरस रोगके बारेमे बेसी जानकारीके लेल पैसा नहिं लागैवाला टेलीफोन नम्बर १११५ मे फोन कऽ सकैछी।
- डेराऊ नहिं, सतर्क रहू।

आनुरोधकर्ता - **प्रेम कुमार यादव**
**अध्यक्ष**
**राजविराज नगरपालिका वडा नं. ६**

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् । हाम्रा सेवाहरु
**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५२१०९६
ipay remit
CITY EXPRESS MONEY TRANSFER Money Transfer Made Easy
Best Remit Quick & Easy
PRABHU Money Transfer प्रभुको इच्छा
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money

**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*